त्रिभुवन विश्वविद्यालय
वन विज्ञान अध्ययन संस्थान
पोखरा क्याम्पस
पोखरा

# वार्षिक कार्ययोजना

## आर्थिक वर्ष २०७९/२०८०

Tribhuvan University
Institute of Forestry
POKHARA CAMPUS

# प्राक्कथन (Foreword)

प्रस्तुत कार्ययोजना वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पसमा चालु आर्थिक वर्ष (२०७९/०८०) मा गरिने क्रियाकलापहरूको सङ्क्षिप्त रुपरेखा हो, जुन विगतको अनुभव, मौजुदा आर्थिक अवस्था, आवश्यकता र पाँच वर्षे रणनीतिक योजना (२०१९-२०२४) का आधारमा तयार पारिएको हो। विश्व महामारीको रुपमा फैलिएको कोभिड-१९ को दोस्रो लहरले नेपाललाई नराम्रोसँग प्रभावित तुल्याएका कारण गत आर्थिक वर्षमा प्रस्तावित कतिपय कार्यक्रमहरू पूरा हुन सकेनन् । क्याम्पसको सबैभन्दा महत्वपूर्ण कार्य विद्यार्थीका भौतिक कक्षाहरू सञ्चालन हुन नसकी वैकल्पिक विधि (अनलाइन) मार्फत सञ्चालन गरियो । अन्यौल र त्रासको वातावरणका कारण चालु आर्थिक वर्षमा समेत अत्यावश्यक बाहेक दूरगामी महत्वका योजनाहरू सम्पन्न गर्न सक्ने अवस्था रहेन । गत वर्ष सम्पन्न हुन बाँकी रहेका र क्रमागत कार्यहरूको निरन्तरतादेखि चालु आर्थिक वर्षका अत्यावश्यक कार्यहरू र क्याम्पसको मौजुदा वित्तीय क्षमताका आधारमा संभव भएसम्मका थप दीर्घकालीन योजनाहरू प्रारम्भ गर्ने लक्ष्य लिइएको छ । यसले क्याम्पसको दिगो र योजनाबद्ध विकासका साथै उपलब्ध साधन र स्रोतको उच्चतम परिचालनमार्फत नियमित कामकाज र सेवालाई प्रभावकारी, छिटो, छरितो, पारदर्शी एवं मितव्ययी बनाउन सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

योजना शाखा
असार १५, २०७९

# विषयसूची (Content)


| क्रम सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | क्याम्पसको सङ्क्षिप्त परिचय (Introduction) | १ |
| २ | क्याम्पसको परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्य (Vision, Mission, Goal and Objectives) | ४ |
| **आर्थिक वर्ष २०७९/०८० का लागि प्रस्तावित कार्यक्रमहरू** | | |
| ३ | नीतिगत व्यवस्था र प्रक्रिया (Policy and Procedure ) | ५ |
| ४ | शैक्षिक पक्ष (Curricular/Academic Aspects) | ५ |
| ५ | शिक्षण, सिकाइ र मूल्याङ्कन (Teaching, Learning and Evaluation) | ६ |
| ६ | अनुसन्धान, परामर्श र विस्तार (Research consultancy and extension) | ७ |
| ७ | पूर्वाधार तथा शैक्षिक संशाधन Infrastructures and Learning Resources | ८ |
| ८ | विद्यार्थी सहयोग र मार्गदर्शन (Student Support and Guidance) | ११ |
| ९ | सूचना प्रणाली (Information System) | ११ |
| १० | सार्वजनिक सूचना (Public Information) | ११ |
| ११ | विविध कार्यहरू (Miscellaneous/Other Works) | १२ |
| १२ | अन्य कार्यहरू | १३ |

# वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसको
# सङ्क्षिप्त परिचय

## १. परिचय (Introduction)

वन तथा प्राकृतिक स्रोत व्यवस्थापन एवं जैविक विविधता सम्बन्धी विषयमा दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ वि.सं. २०३८ असोज ६ मा पोखरा क्याम्पसको स्थापना भएको हो । यस क्याम्पसमा अहिले स्नातकसहित चारवटा विधामा स्नातकोत्तर तहका कार्यक्रमहरू सञ्चालित छन् । नेपाली अर्थतन्त्रको मेरुदण्ड मानिएको वनसँग सम्बन्धित प्राविधिक जनशक्ति उत्पादनमा यस क्याम्पसले नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ । उत्पादित जनशक्तिहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा स्थापित छन् ।

यो आवासीय क्याम्पस हो, जुन पोखरा-१५ स्थित हरियोखर्कमा १५७० रोपनी क्षेत्रफलमा फैलिएको छ । क्याम्पसभित्र विद्यार्थीहरूको बसोबासका लागि हाल १० वटा छात्रावास (पुरुष ६ र महिला ४), एक चमेनागृह, शिक्षक तथा कर्मचारीका लागि एकल र सामूहिक गरी ३९ वटा आवास (६९ परिवारको क्षमता), दुईवटा प्रयोगशाला, एक-एकवटा शैक्षिक, प्रशासनिक, पुस्तकालय, प्राध्यापक, वन पैदावार सङ्ग्रहालय, अडिटोरियम, विद्युत, पानी, सवारीसाधन पार्किङ भवन तथा अतिथिगृह छन् । यसका अतिरिक्त क्याम्पस परिसरमा खेलमैदान, नर्सरी र वन क्षेत्रसमेत रहेका छन् । वन सम्बन्धी अनुसन्धान तथा प्रयोगात्मक अभ्यासका लागि क्याम्पस परिसरदेखि कास्कीका विभिन्न ठाउँ र अन्य जिल्लामा Research site हरू सञ्चालित छन् ।

क्याम्पसमा समेष्टर प्रणालीअन्तर्गतका स्नातक तह (वन) मा वार्षिक ८० जना र स्नातकोत्तर तहका चारवटा कार्यक्रमहरूमध्ये वनमा २०, सामुदायिक वनमा १५, प्राकृतिक स्रोत व्यवस्थापन तथा ग्रामीण विकासमा १५ र जलाधार व्यवस्थापनमा १५ गरी जम्मा ६५ जनाको सिट क्षमता रहेको छ ।

१.१) शिक्षणतर्फ ६ वटा विभागहरू छन् -

1. Social Forestry and Forest Management,
2. Park Recreation and Wildlife Management,
3. Forest Products and Engineering,
4. Silviculture and Forest Biology,
5. Watershed Management and Environmental Science,
6. Basic Science and Humanities.

१.२) प्रशासनिकतर्फ १३ वटा शाखाहरू छन् -

१) कर्मचारी प्रशासन

२) आर्थिक प्रशासन

३) सामान्य प्रशासन

४) योजना

५) शैक्षिक प्रशासन

६) पुस्तकालय

७) जिन्सी (स्टोर)

८) विद्यार्थी कल्याण तथा खेलकुद

९) EMIS

१०) सार्वजनिक सूचना, शोधपुछ तथा दर्ता चलानी (Public Information, Inquiry & Registration)

११) मर्मतसंभार

१२) वार्डेनको कार्यालय

१३) प्रयोगशालाहरू (12)

Wildlife Biology, Surveying & Engineering, Forest Utilization, Silviculture, Forest Mensuration, Soil & Geology, Physics, Chemistry, Biology, Botany, GIS/IT, NTFP Museum.

### १.३) समितिहरू

(क) क्याम्पस व्यवस्थापन समिति

(ख) Internal Quality Assurance Cell (IQAC)

(ग) कार्यकारी समिति

(घ) अन्य समिति/उपसमितिहरू

### १.४) जनशक्ति व्यवस्थापन

| शिक्षक | | | कर्मचारी | | | |
|---|---|---|---|---|---|---|
| क्रम सं. | पद | संख्या | क्रम सं. | पद | संख्या | |
| १ | प्राध्यापक | ६ | १ | अधिकृतस्तर | ७ | |
| २ | सह-प्राध्यापक | ९ | २ | मुख्य कार्यालय सहायक | ११ | |
| ३ | उप-प्राध्यापक | २७ | ३ | कार्यालय सहायक | ४ | |
| ४ | खेल प्रशिक्षक | १ | ४ | कार्यालय सहयोगी | २३ | |
| | | ४४ | | | ४५ | |

### १.५) स्रोत व्यवस्थापन

(क) त्रि.वि.को नियमित बजेट ।

(ख) क्याम्पसको आन्तरिक स्रोत (क्यापिटेशन शुल्क र अन्य आय) ।

(ग) अक्षय कोष (अनुसन्धान, पुस्तकालय विकास र क्याम्पस विकास कोष) बाट प्राप्त हुने ब्याज ।

(घ) विश्वविद्यालय अनुदान आयोग र अन्य संघसंस्था/निकायहरुसँगको सहकार्यबाट प्राप्त हुने सहयोग आदि ।

## २. क्याम्पसको परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्य

### २.१) **परिकल्पना** (Vision)

क्याम्पसलाई अन्तर्राष्ट्रिय स्तरको शिक्षण, सिकाइ तथा अनुसन्धानको उत्कृष्ट केन्द्रका रूपमा स्थापित गरी गुणस्तरीय, सीपमूलक एवं जीवनोपयोगी शिक्षा प्रदान गर्ने ।

### २.२) **ध्येय** (Mission)

वन, जैविक विविधता तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापन सम्बन्धी शिक्षाको सुदृढीकरण एवं गुणस्तर अभिवृद्धिमा योगदान गर्ने ।

### २.३) **लक्ष्य** (Goal)

ज्ञान, सीप र प्रविधिको विकास गरी वन, प्राकृतिक स्रोत व्यवस्थापन र जैविक विविधता संरक्षणमा देखापरेका समस्याहरूको सम्बोधन गर्न प्राविधिक रूपले सक्षम तथा आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने।

### २.४) **उद्देश्य** (Objective)

- वन, जैविक विविधता र प्राकृतिक स्रोत व्यवस्थापनको क्षेत्रमा गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
- वन तथा प्राकृतिक स्रोत व्यवस्थापन क्षेत्रका बदलिँदा सबालहरूको सम्बोधन गर्न अनुसन्धानमा आधारित शिक्षणलाई सुदृढ तुल्याउने ।
- सम्बन्धित क्षेत्रमा शिक्षक तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने ।
- क्याम्पसको आयस्रोतको दायरा विस्तार गरी आर्थिक दृष्टिकोणबाट आत्मनिर्भर संस्थाको रूपमा विकास गर्ने ।
- क्याम्पसको प्राज्ञिक एवं अनुसन्धानात्मक क्रियाकलापहरूको सुधारका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदारहरू बीच सञ्जाल बिस्तार गर्ने ।

# ३. प्रस्तावित मुख्य कार्यक्रमहरु (Major Activities)

क्याम्पसको परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्य (VMGO) परिपूर्तिका लागि आगामी आर्थिक वर्ष २०७९/०८० मा देहायबमोजिम कार्यक्रमहरू प्रस्ताव गरिएको छ।

| **1. नीतिगत व्यवस्था र प्रक्रिया (Policy and Procedure )** | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्रसं** | **क्रियाकलाप** (Activities) | **सूचक** Indicator | **अपेक्षित समय** | **अनुमानित लागत रु.** | **स्रोत** | **मुख्य जिम्मेवारी** |
| (क) | विद्यार्थीहरूको Field Visit र Thesis/ Project/ Intern/Seminar सञ्चालन सम्बन्धी कार्यविधि लगायत आवश्यकता अनुरुप थप कार्यविधिहरू निर्माण गरी कार्यान्वयन गर्ने। | कार्यविधि | २०७९ चैत | 40000 | आन्तरिक | समिति/समूह/ व्यक्ति |
| (ख) | क्याम्पसको पाँच वर्षे रणनीतिक योजनालाई विश्वविद्यालय अनुदान आयोगको प्रावधान अनुरुप परिमार्जन गरी कार्यान्वयन गर्ने। | Report | २०७९ माघ | 15000 | आन्तरिक | समिति/समूह/ तोकिएको व्यक्ति |

| **2. शैक्षिक पक्ष (Curricular/Academic Aspects)** | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्रसं.** | **क्रियाकलाप (Activities)** | **सूचक** Indicator | **अपेक्षित समय** | **अनुमानित लागत रु.** | **स्रोत** | **मुख्य जिम्मेवारी** |
| (क) | विद्यार्थीहरूको Field Training/Tour & Excursion सञ्चालन | Program Schedule + Evaluation | वर्षभरि | 3000000 | आन्तरिक | शैक्षिक विभाग, शैक्षिक प्रशासन |
| (ख) | फिल्डमा आधारित अभ्यास (Field based practices/Training) सञ्चालन | Curriculum/ Manual, Notice | ,, | 200000 | आन्तरिक, UGC | अनुसन्धान समिति, क्याम्पस |
| (ग) | विद्यार्थीहरूका लागि non-credit courses/training सञ्चालन | Curriculum/ Manual, Notice | ,, | 100000 | आन्तरिक, UGC | ,, |
| (घ) | विद्यार्थीहरुलाई अध्ययन अनुसन्धान आदिमा Guide गर्ने, Assessment हरु लिने, Research Proposal Call गर्ने र आवश्यकता अनुसार बैठक बसी Check र Decision गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। | निर्णय, सूचना, नतिजा | ,, | 100000 | आन्तरिक, UGC | क्याम्पस, शैक्षिक विभाग, |
| (ङ) | **पाठचक्रम सुधार/परिमार्जन** मौजुदा पाठचक्रमलाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय बजारको माग अनुकूल परिमार्जनका लागि डीन कार्यालयमा अनुरोध गर्ने। | Letter | ,, | | | क्याम्पस |

| 3. शिक्षण, सिकाइ र मूल्याङ्कन (Teaching, Learning and Evaluation) | | | | | | |
|---|---|---|---|---|---|---|
| क्रसं | क्रियाकलाप (Activities) | सूचक Indicator | अपेक्षित समय | अनुमानित लागत रु. | स्रोत | मुख्य जिम्मेवारी |
| (क) | **शिक्षणविधि/योजना**<br>• दैनिक पाठ योजना (Lesson plan) लाई निरन्तरता प्रदान । | Lesson plan, Online records | वर्षभरि | | | शिक्षण विभाग/ सम्बन्धित शिक्षक |
| (ख) | दैनिक लगबुकको व्यवस्थालाई थप व्यवस्थित/ निरन्तरता प्रदान | Log book | ,, | | | ,, |
| (ग) | **मूल्याङ्कन पद्धतिको विकास** | | | | | |
| | • विद्यार्थीहरूको पढाइको स्तर, समस्या, प्रगतिको मूल्याङ्कन गर्ने । | मूल्याङ्कन फाराम/ प्राप्ताङ्क | ,, | | | क्याम्पस/ शिक्षण विभाग |
| | • ढिला सिक्ने विद्यार्थी (slow learners) हरूको पहिचान तथा सशक्तिकरण | Batchwise अन्तरक्रिया/ प्रतियोगिताहरु | ,, | 50000 | आन्तरिक | शिक्षक/विभाग / SQC, स्ववियु |
| | • विद्यार्थीहरूमार्फत शिक्षकको पढाइको स्तर मापन गर्ने, गुनासा वा सुझाव लिने परिपाटीको विकास गर्ने । | सुझाव पेटिका/ Batchwise अन्तरक्रिया | ,, | | | SQC, विद्यार्थीहरु |
| | • शैक्षिक/प्रशासनिक सेवा सुविधाबारे विद्यार्थीका गुनासा र सुझाव राख्ने व्यवस्थालाई निरन्तरता प्रदान | सुझाव पेटिका/ फाराम | ,, | | | SQC, विद्यार्थीहरु |
| (घ) | **दिवसहरू मनाउने (निरन्तरता प्रदान)** | | | | | |
| | 1. क्याम्पस स्थापना दिवस | कार्यतालिका/ सूचना | असोज ६ गते | 50000 | आन्तरिक | क्याम्पस |
| | 2. त्रि.वि. दिवस, पुस्तकालय दिवस, वन, वातावरण, जैविक विविधता लगायतका विविध दिवसहरू मनाउने | निर्णय/ कार्यतालिका, सूचना | | 50000 | आन्तरिक | क्याम्पस, विद्यार्थी कल्याण, स्ववियु, SQC, हरित संस्था |
| (ङ) | • रक्तदान (न्यूनतम १ वटा) | कार्यतालिका, निर्णय/सूचना | वर्षभरि | 30000 | आन्तरिक | विद्यार्थी, हरित संस्था |
| (च) | • खेलकुद सञ्चालन (खेल सप्ताह) | कार्यतालिका, सूचना | | 150000 | आन्तरिक | क्याम्पस, SQC, स्ववियु, हरित संस्था |
| (छ) | वृक्षारोपण | कार्यक्रम | साउन १४/ भदौ १५ | 10000 | आन्तरिक | क्याम्पस, SQC, हरित संस्था |
| (ज) | **पुरस्कार/सम्मान प्रदान**<br>• उत्कृष्ट वर्ष शिक्षक तथा कर्मचारीलाई पुरस्कार तथा सम्मानको निरन्तरता | Award, Evaluation Form | असोज ६ वा त्रि.वि. दिवस | 150000 | आन्तरिक | क्याम्पस |
| (झ) | **Insentive तथा इन्टरनेट सुविधा**<br>• शिक्षक, कर्मचारीहरूलाई कार्यबोझ, कार्यसम्पादन, जिम्मेवारी र उपलब्धिका आधारमा Insentive तथा इन्टरनेट सुविधा प्रदान | जिम्मेवारी-पत्र कार्यभार, निर्णय | वर्षभरि | 1000000 | आन्तरिक | क्याम्पस |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (ञ) | **सञ्जाल बिस्तार** (Networking)<br>● राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सहकार्य, सहमति, सम्झौता गरी शिक्षक, कर्मचारी र विद्यार्थी आदान प्रदानको लागि पहल गर्ने ।<br>● संस्थागत अनुसन्धानका लागि प्रोत्साहित गर्ने । | Proposal/ MOU / Letter | वर्षभरि | 2000000 | बाह्य | क्याम्पस/ अनुसन्धान समिति |

दिवसहरू

*(क्याम्पस स्थापना दिवस- असोज ६, पुस्तकालय दिवस-भदौ १५, पृथ्वी दिवस-अप्रिल २२, जैविक विविधता दिवस- मे २२, विश्व सम्पदा दिवस-अप्रिल १८, विश्व वातावरण दिवस- जुन ५, सिमसार दिवस- फेब्रुअरी २, पानी दिवस- मार्च २२, भूसंरक्षण दिवस- अगष्ट ८, विश्व साक्षरता दिवस-सेप्टेम्बर ८, पुस्तक दिवस-अप्रिल २३...... आदि )*

**4 : अनुसन्धान, परामर्श र विस्तार (Research consultancy and extension)**

| क्रसं | क्रियाकलाप (Activities) | सूचक Indicator | अपेक्षित समय | अनुमानित लागत रु. | स्रोत | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| १ | **विद्यार्थी** | | | | | |
| (क) | **अनुसन्धानवृत्ति प्रदान**<br>● अनुसन्धान समितिमार्फत शिक्षक र विद्यार्थीहरु (एम एससी र बिएससी) लाई प्रदान गरिँदै आएको अनुसन्धान वृत्ति (Research grant) लाई निरन्तरता प्रदान गर्ने र संभव भएसम्म दायरा र रकम वृद्धि गर्ने । | निर्णय/ सूचना/ प्रस्ताव | | 400000 | आन्तरिक र बाह्य | अनुसन्धान समिति |
| (ख) | **इन्टर्नशीप अनुदान** (Internship Grant)<br>● नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकारहरु र अन्य सम्बद्ध सरकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय गरी हालको व्यवस्थालाई निरन्तरता तथा परिष्कृत गर्ने । | प्रस्ताव/ सहमतिपत्र/ नियुक्तिपत्र | | 5000000 | बाह्य | अनुसन्धान समिति |
| (ग) | **व्यक्तित्व विकासका कार्यक्रम**<br>● तालिम/वर्कसप सञ्चालन (विद्यार्थीहरुसँगको छलफलका आधारमा सञ्चालन गर्ने) | सूचना/निर्णय कार्यतालिका | | 300000 | बाह्य र आन्तरिक | अनुसन्धान समिति र समुदायमा आधारित वन अ.के. |
| (घ) | Research Site/Plot **स्थापना**<br>1. वनपाले डाँडा<br>2. शान्ति वन बाटिका | निर्णय/ कार्यक्रम/ कार्यतालिका | वर्षभरि | 300000 | बाह्य र आन्तरिक | अनुसन्धान समिति, क्याम्पस |
| २ | **शिक्षक तथा कर्मचारी** | | | | | ,, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.१ | **शिक्षक** | | | | | |
| | • कार्यशाला गोष्ठी/सेमिनार (संख्या १-३)<br>• अनुसन्धान/प्रकाशन | कार्यतालिका, सूचना, निर्णय | | 500000 | आन्तरिक र बाह्य | ,, |
| २.२ | **कर्मचारी** | | | | | |
| | • तालिम/कार्यशाला गोष्ठी<br>• अध्ययन, अवलोकन भ्रमण | निर्णय/प्रस्ताव, कार्यतालिका, सूचना, | | 800000 | आन्तरिक र बाह्य | ,, |
| ३ | **संस्थागत प्रकाशन** | | | | | |
| | • जर्नल NRM Journal र बुलेटिन प्रकाशनको निरन्तरता<br>• Annual Report<br>• EMIS Report<br>• विशेषाङ्क, ब्रुसर र आवश्यकता अनुसारका अन्य प्रकाशनहरु | प्रकाशन/ Report | | 250000 | आन्तरिक र बाह्य | अनुसन्धन, प्रकाशन समिति/ उपसमिति र तोकिएको व्यक्ति |
| ४ | **संस्थागत अनुसन्धान** | | | | | |
| | • स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जाल विस्तार गरी Research Grant जुटाउने र collaborative research लाई प्रोत्साहन गर्ने । | MOU/ Proposal | | 2000000 | बाह्य | अनुसन्धान समिति, शैक्षिक विभाग |

| 5. पूर्वाधार तथा अध्ययन, संशाधन Infrastructures and Learning Resources | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्रसं** | **क्रियाकलाप (Activities)** | **सूचक** Indicator | **अपेक्षित समय** | **अनुमानित लागत रु.** | **स्रोत** | **मुख्य जिम्मेवारी** |
| १ | **भौतिक पूर्वाधार विस्तार (निर्माणतर्फ)** | | | | | |
| (क) | (क) भवन निर्माण<br>• एमएस्सी शिक्षण भवन/बहुद्देश्यीय भवन<br>• महिला छात्रावास निर्माण | Drawing, Design, Estimate+ MOU, Decision, Letter | बहुवर्षीय | १५ करोड | बाह्य/ पुनर्निर्माण प्राधिकरण | क्याम्पस |
| (ख) | छात्रावास परिसरमा पार्किङ सेड निर्माण गर्ने । | निर्णय, सूचना, कोटेशन, टेन्डर | | 600000 | आन्तरिक र UGC | क्याम्पस |
| (ग) | मुख्य प्रवेशद्वारको पुनिर्माण | | | 1000000 | बाह्य | क्याम्पस |
| (घ) | **प्रतीक्षालय निर्माण**<br>• चमेनागृह अगाडि पश्चिमतर्फ एउटा विश्रामगृह/प्रतीक्षालय निर्माण गर्ने । (काठ निर्मित) | ,, | वर्षभरि | 600000 | आन्तरिक | क्याम्पस |
| (ङ) | **बगैंचा निर्माण**<br>• क्याम्पस गेटदेखि प्रशासकीय भवनसम्म बगैंचा निर्माण | ,, | वर्षभरि | 1500000 | बाह्य र आन्तरिक | क्याम्पस |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (च) | चमेनागृहको दक्षिणी भागदेखि वार्डेनको कार्यालयसम्म पुग्ने बाटो वरपर बगैंचा निर्माण | इस्टिमेट, निर्णय, सूचना | चैत | 100000 | बाह्य र आन्तरिक | क्याम्पस |
| (छ) | **ढल व्यवस्थापन**<br>• छात्रावास नजिक बाहिरबाट बिसर्जन गरिएको ढललाई वडा कार्यालयसँगको समन्वयका आधारमा वैकल्पिक व्यवस्थापन गर्ने ।<br>• क्याम्पसभित्र D आवास अगाडिको ढल व्यवस्थापन | इस्टिमेट, नक्सा, पत्र | बहुवर्षीय | 2000000 | १५ नं.वडा कार्यालय/ महानगर, + UGC, आन्तरिक | क्याम्पस |
| (ज) | Lightning Arrester<br>• Internet device/Computer आदिको सुरक्षाका लागि | Estimate+ MOU, Notice, Letter | वर्षभरि | 1000000 | आन्तरिक + UGC | क्याम्पस |
| २ | **मर्मतसंभार** | | | | | |
| (क) | **भवन/छात्रावास/आवासतर्फको निरन्तरता** | | | | | |
| | 1. छात्रावासको छतको स्ल्याब मर्मत<br>2. आवास भवनहरूको छत चुहिने समस्या समाधान<br>3. आवासको सोकपिट/सेफ्टी ट्याङ्की निर्माण/मर्मत ।<br>4. कक्षाकोठामा बिजुली सम्बन्धी मर्मतसंभार<br>5. कार्यालय भवनको माथिल्लो तलामा फल्स सिलिङ राख्ने<br>6. आवश्यकता अनुसार रङ्रोगन गर्ने | कार्ययोजना + Estimate, Decision | वर्षभरि | 3000000 | बाह्य+ आन्तरिक + UGC | क्याम्पस |
| (ख) | **सीमा पर्खाल र तारबार**<br>1. E आवास अगाडिको सीमा पर्खाल भत्किएकाले पर्खाल र काँडेतार बार लगाउने<br>2. Nursery, C1, C2, C3 Quarter वरपर तारजाली मर्मत गर्ने | Estimate + MOU | वर्षभरि | 1000000 | प्रदेश सरकार/१५ नं. वडा कार्यालय, UGC, आन्तरिक | क्याम्पस |
| | 3. नर्सरीमा पानी ट्याङ्की जडान | Estimate + MOU | | 100000 | प्रदेश सरकार/ UGC | क्याम्पस |
| | 4. बिजुलीका पोल र बत्ती व्यवस्थित गर्ने र अत्यावश्यक ठाउँहरुमा सोलार बत्तीको व्यवस्था गर्ने । | Decision | | 200000 | र/१५ नं. वडा कार्यालय, आन्तरिक/ UGC | क्याम्पस |
| (ग) | **उपकरण मर्मतसंभार** | | | | | |
| | • बिजुलीको ट्रान्सफरमर<br>• खानेपानीका मोटरहरू | Decision | | 300000 | आन्तरिक+ UGC | क्याम्पस |
| | • कम्प्युटर, फोटोकपी, प्रिन्टर | | | 200000 | आन्तरिक | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • फर्निचर (कार्यालय, कक्षाकोठा, छात्रावास, आवास) | निर्णय, सूचना, इस्टिमेट | | 300000 | आन्तरिक+ UGC | क्याम्पस |
| (घ) | **सवारी साधन मर्मत, नवीकरण, बिमा आदि** | | | | | |
| | • सवारी साधन नवीकरण र बिमा शुल्क भुक्तानी | बिल, भरपाई | | 400000 | आन्तरिक | क्याम्पस |
| | • जिप/बस मर्मत | निर्णय, कोटेशन, बिल भरपाई | | 400000 | आन्तरिक र बाह्य | क्याम्पस |
| | • नयाँ जिप खरिद | निर्णय/बोलपत्र/MOU | | 6000000 | आन्तरिक र बाह्य | क्याम्पस |
| ३ | **शैक्षिक पूर्वाधार विस्तार** | | | | | |
| (क) | शैक्षिक विभागहरूमा फर्निचर, कार्पेट राख्ने | | वर्षभरि | 200000 | आन्तरिक+ UGC | क्याम्पस |
| (ख) | कक्षाकोठाहरूमा Portable Whiteboard थप गर्ने । | कोटेशन, निर्णय | | 100000 | आन्तरिक+ UGC | क्याम्पस |
| ४ | **पुस्तकालय व्यवस्थापन/स्तरोन्नति** | | | | | क्याम्पस |
| (क) | • पुस्तक, जर्नल र पत्रपत्रिका | पुस्तक | वर्षभरि | 1200000 | आन्तरिक+ UGC | क्याम्पस |
| (ख) | • प्रिन्टर, दराजहरु | कम्प्युटर | चैत | 350000 | आन्तरिक | क्याम्पस |
| (ग) | • CC TV - (आवश्यकता अनुसार)<br>• Barcode Scanner | CCTV, Barcode, Book | चैत | 300000 | UGC र आन्तरिक स्रोत | क्याम्पस |
| ५ | **प्रयोगशालाहरूको व्यवस्थापन**<br>• IT,GIS र अन्य प्रयोगशालामा आवश्यक उपकरण तथा केमिकल आदिको उचित व्यवस्थापन | Equipments | वर्षभरि | 3000000 | बाह्य, त्रि.वि., UGC | क्याम्पस |
| ६ | Class Room **का उपकरणहरू** | | | | | |
| (क) | Computer, Projector को थप व्यवस्था गर्ने । | Tender/Quotation, Notice, Decision | वर्षभरि | 500000 | UGC र आन्तरिक | क्याम्पस |
| ७ | **सूचना प्रविधि** | | | | | |
| (क) | • इन्टरनेटको bandwidth बढाउने । | निर्णय, MOU | वर्षभरि | 1500000 | आन्तरिक | क्याम्पस |
| (ख) | • Internet equipment and Maintenance | ,, | वर्षभरि | 800000 | ,, | क्याम्पस |
| (ग) | • Software renew/maintainence and customization | ,, | | 100000 | | क्याम्पस |
| (घ) | • IT Lab Computer maintenance | ,, | | 200000 | ,, | क्याम्पस |

## 6. विद्यार्थी सहयोग र मार्गदर्शन (Student Support and Guidance )

| क्रसं. | क्रियाकलाप (Activities) | सूचक Indicator | अपेक्षित समय | अनुमानित लागत रु. | स्रोत | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| (क) | पूर्व विद्यार्थी समाज Alumni Association गठनको पहल | समिति | वर्षभरि | | | क्याम्पस |
| (ख) | Placement cell गठन/संभाव्यता अध्ययन | जिम्मेवारी प्रदान | ,, | | | क्याम्पस |
| (ग) | विद्यार्थीहरूको सन्तुष्टि सर्भेक्षण | फाराम | | | | क्याम्पस |
| (घ) | विद्यार्थीहरूलाई परामर्श प्रदान | Career counselling | वर्षभरि | | | क्याम्पस |
| (ङ) | विद्यार्थी अभिमुखीकरणको निरन्तरता | कार्यक्रम | वर्षभरि | | | शिक्षण विभाग |
| (च) | गुनासो सुनुवाइ तथा सहजीकरण सम्बन्धी व्यवस्थालाई थप प्रभावकारी बनाउने | कर्यक्रम | वर्षभरि | 100000 | | क्याम्पस र गुनासो सुनुवाइ समिति |

## 7. सूचना प्रणाली (Information System)

| क्रसं. | क्रियाकलाप (Activities) | सूचक Indicator | अपेक्षित समय | अनुमानित लागत रु. | स्रोत | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| (क) | EMIS प्रणालीमा क्याम्पसका शिक्षक, कर्मचारी, विद्यार्थीका प्रोफाइल/अभिलेख, तयार गरी विभिन्न विभाग तथा शाखाका काम कारबाहीलाई सुव्यवस्थित तुल्याउने । | सफ्टवयरको प्रयोग/ data entry | वर्षभरि | 100000 | आन्तरिक/ युजिसी | सम्बन्धित शाखाहरू |

## 8. सार्वजनिक सूचना (Public Information)

| क्रसं. | क्रियाकलाप (Activities) | सूचक Indicator | अपेक्षित समय | अनुमानित लागत रु. | स्रोत | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| (क) | क्याम्पसको दर्ता तथा चलानी शाखाबाट गरिएको संस्थागत सूचनाहरू आदान प्रदानको कार्यलाई निरन्तरता प्रदान । | TOR/Service | वर्षभरि | | | सम्बन्धि शाखा |
| (ख) | क्याम्पसका वेभपेजमार्फत संस्थागत गतिविधिहरु नियमित र समयमा प्रकाशित गर्ने | webpage | वर्षभरि | | | EMIS शाखा |

## 9. विविध कार्यहरू Miscellaneous/Other Works

| क्रसं | क्रियाकलाप (Activities) | सूचक Indicator | अपेक्षित समय | अनुमानित लागत रु. | स्रोत | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| 1 | Tracer study report preparation | Report | चैत्र | 50000 | UGC/Internal | Tracer Committee |
| 2 | **विद्यार्थी सम्मानको**<br>1 MSc का सबै कार्यक्रम तथा BSc मा सर्वोत्कृष्ट अङ्क प्राप्त गरी तह पार गर्ने (Whole First) विद्यार्थी लाई पुरस्कृत गर्ने परम्पराको निरन्तरता ।<br>2 MSc को थेसिस र BSc को प्रोजेक्ट पेपरलाई प्रस्तुतिका आधारमा उत्कृष्ट/स्तरीय छनोट गरी पुरस्कृत गर्ने परम्परालाई निरन्तरता प्रदान गर्ने ।<br>3 जर्नलमा लेखरचना प्रकाशित गर्न विद्यार्थीलाई प्रोत्साहन गर्ने । | प्रमाणपत्र/ पुरस्कार<br>"<br>लेख | क्याम्पस दिवस | 100000 | आन्तरिक | क्याम्पस |
| 3 | **स्वागत र बिदाइ** | | | | | |
| | **स्वागत**<br>1. नवआगन्तुक शिक्षक<br>2. कर्मचारी र<br>3. विद्यार्थीहरूको स्वागतलाई निरन्तरता । | सम्मान | वर्षभरि | 100000 | आन्तरिक | क्याम्पस |
| | **बिदाइ**<br>4. सेवानिवृत्त र सरुवा हुने शिक्षक, कर्मचारी तथा शैक्षिक सत्र पुरा गरेका विद्यार्थीहरूका बिदाइको निरन्तरता | कार्यक्रम | | 100000 | | क्याम्पस |
| 4 | **नर्सरी व्यवस्थापन**<br>संस्थागत सहकार्यका आधारमा नर्सरीमा बिरुवा उत्पादन तथा वितरण कार्यलाई निरन्तरता प्रदान गरिने । | सहमतिपत्र/ बिरुवा उत्पादन/ वितरण | वर्षभरि | 1000000 | बाह्य संस्था/ निकाय | क्याम्पस र दातृ निकायहरु |
| 5 | भौतिक सम्परीक्षणको कार्यलाई निरन्तरता प्रदान | प्रतिवेदन | चैत्र | 100000 | आन्तरिक | |
| 6 | **गार्डेनिङ/वृक्षारोपण/सरसफाइ**<br>क) वर्षको एकपटक वृक्षारोपणको कार्यलाई निरन्तरता दिने<br>ख) क्याम्पसको मुल गेटदेखि प्रशासकीय भवनसम्म दुवैतर्फ आकर्षक गार्डेन बनाई फूल बिरुवा लगाउने ।<br>ग) शान्ति वन बाटिकालाई वनस्पति उद्यान (Botanical Garden) र शैक्षिक अनुसन्धान केन्द्रको रुपमा विकसित गर्ने। | वृक्षारोपण<br>गार्डेन | असार १४<br>असार मसान्त | 1000000 | आन्तरिक + बाह्य | क्याम्पस |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | घ) क्याम्पस परिसरभित्र प्रदुषणमुक्त सफा, हरियाली एवं सुन्दर वातावरण निर्माण गर्ने । | | | | | |
| 7 | क्याम्पसको मुल गेट नजिक सडक छेउमा रहेको जामुनको फेदमा चौतारो निर्माण | निर्णय | चैत | 200000 | | क्याम्पस |
| 8 | क्याम्पसको जग्गा हालसाविक गर्ने । | जग्गाधनी पूर्जा | चैत | 50000 | | क्याम्पस |
| 9 | **फोहरमैला व्यवस्थापन**<br>क) कार्यालय, विद्यार्थी छात्रावास, चमेनागृह तथा शिक्षक, कर्मचारी आवासहरूबाट निस्कने फोहरमैला व्यवस्थापन सम्बन्धमा महानगरपालिकासँगको सहकार्यलाई निरन्तरता प्रदान | MOU/ Program Schedule | वर्षभरि | 300000 | आन्तरिक | क्याम्पस |
| | ख) झाडी कटान र सरसफाइको निरन्तरता | नियुक्ति | वर्षभरि | 200000 | आन्तरिक | |
| 10 | **जनशक्ति व्यस्थापन**<br>क) स्वीकृत दरबन्दी अनुसारको रिक्त पदमा कर्मचारी उपलब्ध गराइदिन त्रि.वि. रजिष्ट्रारको कार्यालयमा ताकेता गर्ने । | अनुरोध पत्र+ नियुक्तिपत्र | ,, | | त्रि.वि. | क्याम्पस |
| 11 | **स्वास्थ्य सेवा**<br>स्वास्थ्यकर्मीको नियुक्ति गरी विद्यार्थी, शिक्षक र कर्मचारीको नियमित स्वास्थ्य परीक्षण तथा प्राथमिक उपचारलाई निरन्तरता प्रदान | निर्णय/ नियुक्तिपत्र | असार मसान्त | 600000 | त्रि.वि. | क्याम्पस |
| 12 | लैङ्गिक संवेदनशीलता सम्बन्धी कार्यक्रमलाई निरन्तरता प्रदान गर्ने र क्याम्पस परिसरमा लैङ्गिकमैत्री आचारसंहिताको बोर्ड राख्ने । | बोर्ड | माघ | 10000 | आन्तरिक | क्याम्पस |

## 10. अन्य कार्यहरू

| क्रसं | क्रियाकलाप (Activities) | सूचक Indicator | अपेक्षित समय | अनुमानित लागत रु. | स्रोत | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| १ | Proposal **तयार पारी विभिन्न संघसंस्थामा पेस गर्ने** | | | | | IOFPC |
| (क) | नर्सरी व्यस्थापन | प्रस्ताव (Proposal) | असार मसान्त | 100000 | बाह्य र आन्तरिक | तोकिएका व्यक्ति/समूह |
| (ख) | वनपाले डाँडा | ,, | | | ,, | ,, |
| (ग) | शान्ति वन वाटिका | ,, | | | ,, | ,, |
| (घ) | गार्डेन निर्माण | ,, | | | ,, | ,, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (ङ) | शिक्षक तथा कर्मचारीको तालिम/कार्यशाला गोष्ठी/अध्ययन अवलोकन भ्रमण | ,, | | | ,,, | ,, |
| (च) | जेहेन्दार तथा आर्थिक रुपमा कमजोर विद्यार्थीहरुलाई थप छात्रवृत्तिका लागि विभिन्न संघसंस्थाहरुमा पहल गर्ने । | ,, | | | ,, | ,, |
| (छ) | विद्युतीय शिक्षण पद्दतिलाई स्तरोन्नति | ,, | | | ,, | ,, |

*